"विकास, सम्वृद्धि र संरक्षण हाम्रो प्रतिवद्धता हाम्रो अभियान"

# गुलरिया नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**गुलरिया वर्दिया**

**लुम्बिनि प्रदेश, नेपाल ।**

प.स २०७९।२०८०
च.न : ३३९२

मिति : २०८०।०१।१२

**विषय : २०७१ सालको वाढीको पुर्णक्षति वापतको रकम सम्वन्धमा ।**

**श्री १ देखी १२.... नं. वडा कार्यालय,**
**गुलरिया नगरपालिका, वर्दिया ।**

प्रस्तुत विषयमा २०७१ सालको वाढीवाट प्रभावित १७३५ घरपरिवार मध्ये तपशील वमोजिम यस अघि नै प्रथम किस्ता प्राप्त गरेका घरपरिवारहरुको दोस्रो तथा तेस्रो किस्ता वापतको रकम प्रति घरपरिवार रु ३३,०००।०० गुलरिया नगरपालिका नगरसभाको मिति २०७९।०९।२९ को बैठकवाट तपशील वमोजिम वडाको दायित्व रहने गरी दामासाहीले वितरण गर्ने निर्णय भएकोले उक्त रकम निजहरुको साविककै बैंक खाताहरुमा पठाइएको छ। लाभग्राहीको मृत्यु भएको अथवा बैंक खाता वन्द वा अपडेट भई रकम जम्मा हुन नसकेका अथवा प्रथम तथा दोस्रो किस्ता पाएको तर हाल पठाएको नामावलीमा नाम छुट भएको लाभग्राहीको सम्वन्धमा तपशील वमोजिम गर्न गराउन जानकारी गराईन्छ ।

**तपशील :**

**क) दोस्रो तथा तेस्रो किस्ता पठाइएको विवरण :**

| सि.नं. | बैंकको नाम | दोस्रो तथा तेस्रो किस्ता विवरण | | | कै. |
|---|---|---|---|---|---|
| | | दोस्रो र तेस्रो किस्ता प्राप्त गर्ने लाभग्राही | तेस्रो किस्ता प्राप्त गर्ने लाभग्राही | कुल जम्मा | कै. |
| १ | राष्टिय वाणिज्य बैंक | ३१ | ७०६ | ७३७ | |
| २ | कर्णाली विकास बैंक | २७ | १८६ | २१३ | |
| ३ | एभरेष्ट बैंक लि | १० | १०४ | ११४ | |
| ४ | प्रभु बैंक लि | | ३८ | ३८ | |
| ५ | नेपाल बैंक लि | ५ | ७४ | ७९ | |
| ६ | कृषि विकास बैंक | | ९ | ९ | |
| ७ | ज्योति विकास बैंक | १ | ४ | ५ | |
| ८ | ग्लोवल आई.एम.ई बैंक | २६ | २४२ | २६८ | |
| ९ | कुमारी बैंक | १ | ३४ | ३५ | |
| | जम्मा | १०१ | १३९७ | १४९८ | |

रुपसिङ खत्री
लेखा अधिकृत

Contact Website : www.gulariyamun.gov.np , E-mail : gnpk.bardiya@gmail.com, finance.gulariya@gmail.com khatrirupsing@gmail.com,
Mb.No: Chief Administrative Officer 9858022922, Account Officer : 9858080065

गुलरिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय गुलरिया, वर्दिया लुम्बिनी प्रदेश

**ख) नगर सभाको निर्णय अनुसार वडाको दायित्व**

१.नगरपालिकावाट पठाइएको रकम समयमा सम्वन्धित पिडित घरपरिवारको खातामा रकम गए/नगएको सुनिश्चित गर्ने,
२.नामावली र खाता नं. फरक परेको तथा लाभग्राहीको मृत्यु भएको अवस्थामा कानुन वमोजिमको सिफारिस गर्ने,
३.घर निर्माण गरिरहेका तथा निर्माण सुरु नै नगरेका घरपरिवारलाई कार्यविधि वमोजिम घरनिर्माण गर्न लगाउने,
४.घर निर्माणका चरणमा आवश्यक प्राविधिक सहयोग पुऱ्याउन सहजीकरण गर्ने, वडा वैठक मार्फत प्रगतिको समिक्षा गर्ने, सुझाव दिने साथै निर्माण सम्पन्न गरे पश्चात सम्पन्न प्रतिवेदन कार्यपालिकामा पेश गर्ने

**ग) लाभग्राहीको मृत्यु भएको अथवा बैंक खाता वन्द वा अपडेट भई रकम जम्मा हुन नसकेका अथवा प्रथम किस्ता पाएको तर हाल पठाएको नामावलीमा नाम छुट भएको सम्वन्धमा,**

१. लाभग्राहीको मृत्यु भएको अवस्थामा निजको पति वा पत्नीको नाममा रकम जम्मा गरिदिन मृत्युदर्ता, विवाह दर्ता, नाता प्रमाणित, नागरिकता तथा वडा कार्यालयको सिफारिस सहित नगरपालिकामा पठाउने,

२.बैंक खाता वन्द वा अपडेट भएको अवस्थामा चेकवुकको प्रतिलिपि तथा वडाको सिफारिस,

३.प्रथम तथा दोस्रो किस्ता पाएको तर हाल रकम पठाएको नामावलीमा छुट भएको भए यस न.पा को वेभसाईट www.gulariyamun.gov.np मा राखिएको नामावली हेरी फलानो सि.नं. मा भएको लाभग्राही छुट भएको भनि सिफारिस, बैंक खाता प्रमाण सहित पठाउने ।

.....................
रुपसिङ खत्री
लेखा अधिकृत

रु... सिङ खत्री
लेखा अधिकृत